सम्वत् २०८२ साल असार २५ गते, ने.सं. ११४५, बुधबार जिल्ला सुरक्षा समिति, रसुवा एवम् जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री अर्जुन पौडेलको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा मिति २०८२।०३।२४ गतेको बाढीका कारण भएको विपद् व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समिति एवम् जिल्ला सुरक्षा समिति, रसुवाको आकस्मिक बैठक संयुक्त रुपमा बसी निम्नानुसारका निर्णयहरू गरियो।

| जिल्ला समिति: | | | | |
|---|---|---|---|---|
| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
| | श्री अर्जुन पौडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री राजेन्द्रप्रसाद आचार्य | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | श्री श्याम कुमार शाह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री प्रध्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री हेम बहादुर शाही | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री रामहरि खड्का | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री मदन पौडेल | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| | डा.अचुत पौडेल | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री गणेश प्रसाद तिवारी | संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री वृहस्पति तामाङ | कार्यालय प्रमुख | उद्योग तथा वाणिज्य कार्यालय | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| जिल्ला समितिः | | | | |
|---|---|---|---|---|
| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
| | ई.रविन महर्जन | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | श्री झम प्रसाद आचार्य | कार्यालय प्रमुख | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | श्री कृष्ण बि.क. | अधिकृतस्तर | गोसाईकुण्ड गाउँपालिका | सदस्य |
| | श्री खड्लाल श्रेष्ठ | आयोजना प्रमुख | गल्छी त्रिशुली मैलुङ स्या.रसुवागढी स.यो. | सदस्य |
| | ई.गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | श्री नारायण राज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री | | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(माओवादी केन्द्र), रसुवा | सदस्य |
| | श्री | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा | सदस्य |
| | श्री गीता न्यौपाने | स्टेशन म्यानेजर | लाङटाङ रेडियो | सदस्य |
| | श्री सरस्वती न्यौपाने | सम्वाददाता | त्रिशुली प्रवाह | सदस्य |
| | श्री गंगा मिजार | सम्वाददाता | रेडियो रसुवा | सदस्य |
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ, रसुवा | सदस्य |
| | श्री प्रमोद तितुङ | महासचिव | रसुवा चेम्बर अफ कमर्श | सदस्य |
| | श्री द्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

अन्य उपस्थितिः

| हस्ताक्षर | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय |
| | श्री मधुकर भण्डारी | स.प्र.[redacted].ह. | जिल्ला आपतकालिका कार्यसञ्चालन केन्द्र |
| | सुयश प्रकाश मिश्र | मानव अधिकार अधिकृत | राष्ट्रिय मानव अधिकार आयोग |
| | श्री जिवन तामाङ | | राष्ट्रिय मानव अधिकार आयोग |
| | अमरेन्द्र यादव | इन्जिनियर | गल्छी त्रिशुली स्याफ्रुबेसी रसुवागढी सडक योजना |
| | रविना घिमिरे | मानव अधिकार अधिकृत | राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौंडा |
| | सत्य राम ज्यारखु | प्रमुख कार्यकारी अधिकृत | रसुवागढी हाइड्रोपावर कं. लि. |
| | पुष्कर अमात्य | सिभिल निर्माण महाशाखा प्रमुख | रसुवागढी हाइड्रोपावर कं.लि. |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. मिति २०८२।०३।२४ गते अन्दाजी बिहान ३:०० बजे रसुवागढी सीमा नाका हुँदै बग्ने भोटेकोशी नदीमा आएको बाढीले पुऱ्याएको क्षति आंकलन, सम्पर्क विहीनहरूको खोज तथा उद्धार कार्य, राहत वितरण र पुर्नस्थापनाका लागि सबै सरोकारवाला निकायहरू बीच समन्वय गरी क्रियाशीलताका साथ विपद् व्यवस्थापनका सम्पूर्ण कार्य सम्पन्न गर्ने।

२. सम्पर्क बिहीनहरूको खोज तथा उद्धारका लागि जिल्लामा उपलब्ध सम्पूर्ण संयन्त्र, औजार तथा उपकरण पूर्ण क्षमतामा प्रयोगमा ल्याउने र जिल्लामा उपलब्ध नभएमा आवश्यक औजार तथा उपकरण उपलब्ध गराउन सम्बन्धित तालुक निकायमा यथाशीघ्र अनुरोध गर्ने।

३. विपद्ले अवरुद्ध भएको गल्छि त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक अन्तर्गतको स्याफ्रुवेशी-रसुवागढी सडकखण्ड तत्काल पुर्ननिर्माण गरी आवागमनलाई सुचारु बनाउनका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय र बागमती प्रदेश सरकारसँग अनुरोध गर्ने। यस कार्यका लागि आवश्यक पर्ने क्षतिको प्राविधिक मूल्याङ्कन, यन्त्र उपकरणको आवश्यकता लगायतका विषयमा आवश्यक समन्वय र सहजीकरणको काम गल्छि त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोटले गर्ने।

४. विपद् प्रभावित क्षेत्रमा अवरुद्ध भएको सञ्चार र विद्युत सेवालाई तत्काल सुचारु गरी विपद् प्रभावित क्षेत्रको जनजीवन सहज तुल्याउनका लागि नेपाल विद्युत प्राधिकरण, रसुवा वितरण केन्द्र, धुन्चे र नेपाल टेलिकम, रसुवा शाखाले तत्काल आवश्यक व्यवस्था मिलाउने। यस कार्यका लागि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्बन्धित मन्त्रालय मातहतका निकायहरूलाई आवश्यक निर्देशन, सहयोग तथा समन्वय गर्नका लागि अनुरोध गर्ने।

५. विपद् प्रभावित क्षेत्रमा भएको भौतिक क्षतिको प्रारम्भिक विवरण संकलन गरी यथाशीघ्र प्रतिवेदन पेश गर्न गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजनाका योजना प्रमुख ई.खड्गलाल श्रेष्ठको संयोजकत्वमा देहायको समिति गठन गरियो।

| क्र.सं. | नाम,थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | ई.खड्ग लाल श्रेष्ठ | योजना प्रमुख | गल्छि त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | संयोजक |
| २. | श्री तुलसी प्रसाद भट्टराई | प्रमुख भन्सार अधिकृत | रसुवा भन्सार कार्यालय, टिमुरे | सदस्य |
| ३. | ई.बिजय हाछेथु | कार्यालय प्रमुख | यान्त्रिक कार्यालय, नुवाकोट | सदस्य |
| ४. | ई.शसिन्द्र घिमिरे | आयोजना प्रमुख | सघन शहरी तथा भवन निर्माण | सदस्य |

| क्र.सं. | नाम,थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| | | | आयोजना, धादिङ | |
| ५. | श्री होमनाथ दाहाल | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँपालिका | सदस्य |
| ६. | श्री कामी छिरिङ तामाङ | वडा अध्यक्ष | गोसाईकुण्ड गा.पा. २ नं. व.कार्यालय | सदस्य |
| ७. | श्री गुञ्जमान तामाङ | कार्यालय प्रमुख | नेपाल विद्युत प्राधिकरण, रसुवा वितरण केन्द्र | सदस्य |
| ८. | श्री नारायणराज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा शाखा | सदस्य |
| ९. | श्री सत्यराम ज्याख्वा | प्रमुख | रसुवागढी जलविद्युत कम्पनी | सदस्य |
| १०. | श्री मनिष विष्ट | प्रमुख | चिलिमे जलविद्युत कम्पनी | सदस्य |
| ११. | ई.शोभाकान्त राउत | ईन्जिनियर | नेपाल ईन्टरमोडल यातायात विकास समिति | सदस्य |
| १२. | श्री गंग बहादुर घिमिरे | वरिष्ठ उपाध्यक्ष | नेपाल हिमालय सीमापार वाणिज्य संघ | सदस्य |
| १३. | श्री द्रुव प्रसाद अधिकारी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

प्रस्तुत समितिलाई जिल्ला सुरक्षा समिति, रसुवाले आवश्यक सहयोग, निर्देशन, समन्वय र सहजीकरण गर्ने।

६. सम्भावित विपद्लाई मध्यनजर गरी सबै स्थानीय तह, जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC), स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC), रसुवा अस्पताल, जनस्वास्थ्य कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, उद्योग वाणिज्य संघ, रसुवा चेम्बर अफ कमर्श, नेपाल रेडक्रश सोसाईटी, रसुवा जिल्ला शाखाले जनजीवन सहज बनाउनका लागि अत्यावश्यक खाद्यान्न, औषधी, उपकरण र अन्य तत्कालको राहत सामग्री अभाव नहुने गरी आवश्यक प्रबन्ध गर्ने। राहत वितरण कार्यलाई एकद्वार प्रणाली मार्फत सञ्चालन गर्ने। यस कार्यका लागि जिल्ला समन्वय समितिको कार्यालय, रसुवाले आवश्यक सहयोग, निर्देशन, समन्वय र सहजीकरण गर्ने।

७. विपद्सँग सरोकार राख्ने जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक र सरोकारवाला निकायका प्रमुख तथा कर्मचारीहरूले जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय गरी विपद् व्यवस्थापनका लागि २४सै घण्टा क्रियाशील रहने।

८. रोजगारी, ब्यवसाय र पर्यटनको सिलसिलामा चीनको केरुङमा रहेका विपद् प्रभावित नेपाली नागरिकहरूलाई सुरक्षित साथ राख्न र नेपाल फर्कन चाहनेहरूलाई फर्कने व्यवस्था मिलाउनका लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालय मार्फत आवश्यक समन्वय तथा पहल गर्न नेपाल सरकार, गृह मन्त्रालयमा अनुरोध गर्ने। साथै, तत्कालको राहतका लागि जिल्ला सुरक्षा समिति, रसुवाले चिनीयाँ समकक्षीसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

९. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै राजनीतिक दल, स्थानीय जनसमुदाय, नागरिक समाज, निजी क्षेत्र, आमसञ्चार जगत, गैर सरकारी संघ संस्था लगायत सरोकारवाला निकायहरूले आ-आफ्नो ठाँउबाट सक्रिय सहभागिता जनाउने।

१०. टिमुरेदेखि स्याफ्रुवेशी सडकखण्डमा पहिरो गई ठूलो क्षति भएकोले बैकल्पिक पदमार्ग निर्माण गरी सञ्चालन गर्ने। उक्त क्षेत्रमा तीनवटै सुरक्षा निकायहरूले आवश्यक समन्वय गरी यात्रुहरूलाई गन्तव्यसम्म सुरक्षित साथ पुग्नका लागि आवश्यक सहयोग गर्ने।

११. विपद्को समयमा सही र तथ्यपूर्ण समाचार सम्प्रेषणका लागि सञ्चार जगतलाई अनुरोध गर्ने। विपद्सँग सम्बन्धित आधिकारिक सूचना सम्प्रेषणका लागि एकद्वार प्रणाली अवलम्वन गर्ने। साथै, समाजमा अनावश्यक त्रास फैलाउने, यथेष्ट तथ्य, स्रोत एवम् पुष्टयाई बिनाका भ्रामक समाचारहरू सम्प्रेषण गर्ने, अराजकता फैलाउने र विपद् प्रतिकार्यलाई प्रभावित बनाउने व्यक्ति, संस्था र समूहलाई निगरानी गरी कानूनी दायरामा ल्याउने।

नेपाल सरकार
जिल्ला प्रशासन कार्यालय
रसुवा